**मिति २०८१/०३/१० मा सम्पन्न नगर सभाको उन्नाइसौं अधिवेशनको पहिलो बैठकबाट भएका निर्णयहरू**

१. नगरप्रमुख श्री दिनेश अधिकारीज्यूबाट दुधौली नगरपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम सभामा छलफल भई सर्बसम्मतले पारित गरियो ।

२. दुधौली "नगरपालिकाको आर्थिक ऐन, २०८१" सभामा छलफल भई सर्वसम्मतले पारित गरियो ।

३. "दुधौली नगरपालिकाको विनियोजन ऐन, २०८१" सभामा छलफल भई सर्वसम्मतले पारित गरियो ।

४. "दुधौली नगरपालिकाको **मानसिक स्वास्थ्य तथा मनोसामाजिक नीति, २०८१"** सर्वसम्मतले पारित गरियो ।

५. आर्थिक वर्ष २०८०/०८१ मा स्वीकृत वार्षिक योजना तथा बजेट अन्तर्गत संघ, प्रदेश तथा अन्य निकायबाट प्राप्त समानिकरण, सशर्त, समपुरक, विशेष अनुदान तथा राजश्व बाँडफाँट र आन्तरिक श्रोत शीर्षक अन्तर्गत अनुसूचि १ बमोजिमका चालु र पूँजिगत खर्च अनुमोदन गरियो ।

६. वडा समिति, वडा कार्यालय, विषयगत शाखा, विषयगत समिति, न्यायिक समिति, कार्यपालिका र कार्यपालिकाको कार्यालयबाट भएका निर्णयहरु अनुमोदन गरियो ।

७. सभाको १९ औं अधिवेशन पछि तथा आगामी अधिवेशन अघि संघ, प्रदेश तथा अन्य निकायबाट प्राप्त योजना, कार्यक्रम तथा बजेट बाँटफाँट गर्नु पर्ने भए, विद्यमान योजना तथा बजेटमा सामान्य परिमार्जन गर्नु पर्ने भए सो कार्यान्वयन गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

८. दुधौली नगरपालिका नगरकार्यपालिकाको कार्यालय र अन्तर्गत कार्यालयहरुमा करारमा सेवामा कार्यरत कर्मचारीहरुको करार अवधी २०८१ असार मसान्तमा समाप्त हुने भएको हुँदा कार्यसम्पादन मुल्यांकनमा न्युनतम ८० प्रतिशत अंक प्राप्त गरेका करार कर्मचारीहरुको करार म्याद २०८१ श्रावण १ गते देखि लागु हुने गरी २०८१ पौष मसान्त सम्मको गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

९. दुधौली नगरपालिका वडा नं ५ मा रहेको नगरपालिकाकै एक मात्र दुधौली नगर अस्पताल सिथौंलीलाई एकमुष्ठ विनियोजन गरिएको रकम रु २४३०००००। मध्येबाट अस्पताल संचालन तथा व्यवस्थापन गर्न आवश्यक फर्निचर, सर्जिकल उपकरण, औषधीजन्य सामाग्री व्यवस्थापन तथा अस्पताल विकास समितिबाट नियुक्त हुने कर्मचारीको तलव भत्ता तथा अस्पताल प्रमुखको थप सुविधा वापतको रकम भुक्तानी लगायतका अस्पतालका व्यवस्थापकीय तथा पूर्वाधार सुधारका शीर्षकमा खर्च गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

१०. दुधौली नगरपालिकाको न्यायिक समितिका संयोजक उपप्रमुख श्री चन्द्र किशोर थारुज्यूले प्रस्तुत गर्नु भएको न्यायिक समितिको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

दिनेश अधिकारी
नगर प्रमुख

११. दुधौली नगर अस्पताल सिथौंलीको संचालन गर्न अस्पतालको आन्तरिक आयबाट तलब तथा सुविधा व्यहोर्ने गरी कार्यपालिकाको मिति २०८१/०३/०७ गतेको बैठकबाट स्वीकृतिको लागि नगर सभामा पेश भएको दुधौली नगर अस्पताल सिथौंलीको तपसिल अनुसारको कर्मचारी संगठन संरचना अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि.न. | पद नाम | तह /श्रेणी | सेवा | समुह | दरबन्दी |
|---|---|---|---|---|---|
| १ | एम.डि.जि.पि. | ९ | स्वास्थ्य | ज.हे.स. | १ |
| २ | मनोरोग विशेषज्ञ | ९ | स्वास्थ्य | ज.हे.स. | १ |
| ३ | स्त्रीरोग विशेषज्ञ | ९ | स्वास्थ्य | ज.हे.स. | १ |
| ४ | बालरोग विशेषज्ञ | ९ | स्वास्थ्य | ज.हे.स. | १ |
| ५ | एम.वि.वि.एस. | ८ | स्वास्थ्य | ज.हे.स. | ८ |
| ६ | ल्याब टेक्नोलोजिष्ट | ७ | स्वास्थ्य | मेडिकल ल्याव टेंक्नोलोजि | १ |
| ७ | नर्सिङ्ग अधिकृत | ७/८ | स्वास्थ्य | नर्सिङ्ग | १ |
| ८ | स्टाफ नर्स/सिअनमी | ५/६/७ | स्वास्थ्य | जनरल नर्सिङ्ग | २० |
| ९ | हेअ/सिअहेब | ५/६/७ | स्वास्थ्य | हे.ई. | १० |
| १० | ल्याब टेक्नेसियन /सि.ल्या.अ. | ५/६/७ | स्वास्थ्य | मेडिकल ल्याव टेक्नोलोजि | ५ |
| ११ | रेडियोग्राफर | ५/६/७ | स्वास्थ्य | रेडियोग्राफि | ३ |
| १२ | फार्मेसि सहायक | ५/६/७ | स्वास्थ्य | फार्मेसि | ३ |
| १३ | एनेस्थेटिक सहायक | ५/६/७ | स्वास्थ्य | विविध | २ |
| १४ | अप्थाल्मिक सहायक | ५/६/७ | स्वास्थ्य | विविध | १ |
| १५ | डेन्टल असिस्टेन्ट | ५/६/७ | स्वास्थ्य | डेस्टिष्ट्री | २ |
| १६ | प्रशासन अधिकृत/ सहायक | ५/६/७ | प्रशासन | सामान्य प्रशासन | १ |
| १७ | लेखा सहायक | रा.प.अ. | प्रशासन | लेखा प्रशासन | १ |
| १८ | ईलेक्ट्रीसियन | ४ | प्राविधिक | विविध | १ |
| १९ | अहेब | ४ | स्वास्थ्य | हे.ई. | १० |
| २० | अनमी | ४ | स्वास्थ्य | जनरल नर्सिङ्ग | १० |
| २१ | सवारी चालक | | प्रशासन | विविध | २ |
| २२ | का.स. | | प्रशासन | विविध | १० |
| २३ | स्वीपर | | प्रशासन | विविध | १० |
| २४ | सुरक्षाकर्मी | | | विविध | ४ |
| | जम्मा | | | | १०९ |

१२. दुधौली नगरपालिकाको क्षेत्र भित्र निर्माण तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट सिन्धुली जिल्लाको जिल्ला दररेट बमोजिम हुने गरी तोक्ने निर्णय गरियो ।

१३. दुधौली नगरपालिकाले हेफर प्रोजेक्ट नेपालसँग गरेको सम्झौता अनुसार आर्थिक वर्ष २०७९/०८० देखि संचालित कृषि तथा पशुविकासमा आधारित साना किशान तथा युवा उद्यमशीलता कार्यक्रमको लागि आर्थिक वर्ष २०८१/०८२ मा **कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता कार्यक्रम साझेदारी शीर्षकमा** विनियोजन भएको रु २ करोड रकमबाट सम्झौता बमोजिम आर्थिक वर्ष २०८१/०८२ मा संचालन गर्न तोकिएका क्रियाकलापहरुमा खर्च हुने गरी सम्झौता बमोजिम हेफर प्रोजेक्ट नेपालको नाममा पेश्की दिई चालु आर्थिक वर्षका क्रियाकलापहरु अगाडी वढाउने व्यवस्था मिलाउन कार्यपालिका कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

दिनेश अधिकारी
नगर प्रमुख

१४. लेखा समितिबाट बेरुजु फर्छ्यौटको लागि सिफारिस भई आएको दुधौली नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को म.ले.प. बार्षिक प्रतिवेदनको बेरुजु दफा नं १०२ (१०२.२) मा गैर सरकारी संस्थाद्धारा निर्माण लगायतका कार्य शीर्षकमा "दुधौली नगरपालिका र UNDP को साझेदारीमा भएको कोभिड १९ बाट प्रभावित घरपरिवारलाई पुनर्लाभ कार्यक्रममा नगरपालिकाको तर्फबाट ११११२५५९०.००, UNDP को तर्फबाट रु.११३०९५३२.०० र समुदायको योगदान २४८१७००.०० समेत रु. २४९१६८२२.०० भएको सम्झौता मुताविक तेश्रो पक्ष गैर सरकारी संस्था सहकार्य नेपाललाई छनोट गरी नगरपालिका तर्फबाट तेश्रो पक्षलाई भुक्तानी भएको रु. ९४५३९७८.०० फाटवारीमा निम्नानुसार देखियो। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९ (२) मा जनचेतना सम्बन्धि तालिम, अभिमुखिकरण, सवलिकरण, मूल प्रभाहीकरण जस्ता कार्य गैरसरकारी सँस्था बाट गराउन सकिने व्यवस्था छ साथै नियम ९९(८) मा १० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको काम गराउनको लागि खुला रुपमा आशयपत्र माग गरी परामर्श सेवा खरिदको प्रक्रिया अवलम्वन गर्नुपर्ने उल्लेख छ। नगरपालिकाले जनचेतना सम्बन्धि तालिम, अभिमुखिकरण, सवलिकरण, मूल प्रभाहीकरण जस्ता कार्यका अलवा निर्माण सम्बन्धी कार्य गैर सरकारी संस्थाबाट गराउन सकिने कानूनी व्यवस्था नरहेकोमा गैर सरकारी संस्थाको नामबाट तेश्रो पक्ष सहकार्य नेपाल मार्फत पुन अन्य निर्माण व्यवसायी र उपभोक्ता समितिद्धारा देहाय बमोजिमको कार्य गराई रु. ७१७९६५४.०० भुक्तानी लिएको नियम सम्मत नदेखिएको" भनि बेरुजु कायम भएको सन्दर्भमा उक्त बेरुजु तपसिल बमोजिम नियमित गरी फर्छ्यौट गर्ने निर्णय गरियो।

| क्र.स. | निर्माण कार्यको विवरण | निर्माण व्यवसायी/ उपभोक्ता समिति | भुक्तानी रकम |
|---|---|---|---|
| १ | शहिद पार्क कटेज निर्माण र डसटविन खरिद | शहिद पार्क कटेज निर्माण र डसटविन खरिद | १५६४७५५.०० |
| २ | सर्पदंश उपचार भवन र सामाग्री खरिद | साई कन्स्ट्रक्सन प्रा.लि. | २४०४८९९.०० |
| ३ | कृषि भवन उपज संकलन तथा भवन निर्माण | कृषि भवन उपज संकलन तथा भवन निर्माण उपभोक्ता समिति | ३२०००००.०० |
| जम्मा | | | ७१७९६५४.०० |

तपसिल

| लेखा समितिबाट भएको निर्णयको व्यहोरा | सभाबाट भएको निर्णयको व्यहोरा |
|---|---|
| आर्थिक वर्ष २०७८/०७९ मा सहाकार्य नेपालसँग निर्माण कार्यको अलवा सीप विकास कार्यक्रम, क्षमता विकास कार्यक्रम, आयमुलक कार्यक्रम लगायत मानव जीवनसँग प्रत्यक्ष सरोकार राख्ने पूर्वाधार निर्माणको लागि एकमुष्ठ सम्झौता भई निर्माण कार्य समेत सम्पन्न भई निर्माण सम्पन्न संरचना प्रयोगमा रहि रहेकोले यसमा भएको खर्च रकम उपलब्धी मुलक देखिएको र सरकारी हानी नोक्सानी नदेखिएको तर महालेखा परीक्षकको कार्यालयले लेखा परीक्षण गर्दा यस प्रकारको कार्य गैर सरकारी संस्था मार्फत गर्न नमिल्ने | लेखा समितिको मिति २०८१/०१/१० गतेको बैठक निर्णयबाट बेरुजु फर्छ्यौटको लागि सिफारिस भई आएको आर्थिक वर्ष २०७८/०७९ मा **"दुधौली नगरपालिका र UNDP को साझेदारीमा सहकार्य नेपाल भन्ने गैर सरकारी संस्था मार्फत संचालन भएको कोभिड १९ बाट प्रभावित घरपरिवारलाई पुनर्लाभ कार्यक्रम संचालन गर्दा** उक्त संस्थासँग निर्माण कार्यको अलवा सीप विकास कार्यक्रम, क्षमता विकास कार्यक्रम, आयमुलक कार्यक्रम लगायत मानव जीवनसँग प्रत्यक्ष सरोकार राख्ने पूर्वाधार निर्माण लगायतको कामका लागि त्रीपक्षिय साझेदारी **नगरपालिकाको तर्फबाट १११२५५९०.००, UNDP को तर्फबाट रु.११३०९५३२.०० र समुदायको योगदान २४८१७००.०० समेत रु. २४९१६८२२.०० सहितको सम्झौता** भइ कार्यक्रम संचालन भएको सम्झौता बमोजिमका सम्पूर्ण क्रियाकलापहरु निर्धारित समयमानै सम्पन्न समेत भई रकम भुक्तानी भइ सकेको सन्दर्भमा महालेखा परीक्षकको कार्यालयबाट लेखा परीक्षण गर्दा आबस्यक प्रकृया पुरा नगरी पुँजीगत प्रकृतिको काम समेत गैर सरकारी संस्था मार्फत कार्यान्वयन गरेको भनी अनियमित बेरुजु कायम |

दिनेश अधिकारी
नगर प्रमुख

| लेखा समितिबाट भएको निर्णयको व्यहोरा | सभाबाट भएको निर्णयको व्यहोरा |
|---|---|
| सुझाव दिएको हुँदा आगामी दिनमा उपरोक्त बमोजिमका कार्यहरु सम्पन्न गर्नु पर्दा महालेखा परीक्षकको कार्यालयले दिएको सुझाव समेतलाई आधारमानी कानुन बमोजिम प्रकृया पुरा गरी काम गर्न नगरसभालाई सुझाव दिने र यस दफामा कायम बेरुजु नियमित गरी फर्छ्यौटको लागि नगरसभामा पेश गर्न स्वीकृति दिने । | भएको हुँदा उक्त गैर सरकारी संस्थासँग सम्झौता गर्दा पुजीगत कार्यक्रमको साथसाथै सीप विकास कार्यक्रम, क्षमता विकास कार्यक्रम, आयमुलक कार्यक्रम समेतको लागि एकमुष्ठ सम्झौता भएको भए पनि निर्माण सम्बन्धी कार्य गर्दा संस्था स्वयमले कार्य नगरी प्रचलित कानुन बमोजिम उपभोक्त समिति तथा निर्माण व्यवसायी मार्फत कार्य संचालन गरी उनिहरुलाइ नै रकम भुक्तानी हुने व्यवस्था मिलाइएको र उक्त निर्मीत संरचना हाल प्रयोगमा रहि रहेकोले यसमा भएको खर्च रकम उपलव्धी मुलक देखिएको र सरकारी हानी नोक्सानी नदेखिएको तर यस प्रकारका कार्यहरु गर्दा गैर सरकारी संघ संस्था मार्फत संचालन नगर्न सम्मानित महालेखा परीक्षकको कार्यालयबाट प्राप्त सुझावलाई मनन गरी आगामी दिनमा यस प्रकारका कार्यहरु गैर सरकारी संघ संस्था मार्फत नगर्ने प्रतिवद्धता व्यक्त गर्दै यस दफामा कायम बेरुजु नियमित गर्ने र बेरुजु फर्छ्यौट गर्ने निर्णय गरियो । |

१५. दुधौली नगर अस्पताल सिर्थौलीमा एक मात्र विशेषज्ञ चिकित्सक डा. सुमन सिंह कार्की कार्यरत रहनु भएको, उक्त अस्पतालमा सर्पदंश लगायतका विरामीको चाप अत्याधिक रहेकोले उक्त अस्पतालमा २४ सै घण्टा उक्त एक मात्र विशेषज्ञ चिकित्सकबाट सेवा लिनु पर्ने अवस्था रहेकोले समस्यालाई मध्येनजर गर्दै विशेषज्ञ चिकित्सकको मनोवल उच्च राखन्को लागि मिति २०८१ श्रावण गते देखि लागु हुने गरी निजले पाउने नवौं तहको सेवा सुविधाको अतिरिक्त मासिक रुपमा रु ३ लाख ७५ हजार रकम थप गरी सोही रकमबाट नियमानुसार कर कटाइ बाँकी रकम दुधौली नगर अस्पताल संचालन तथा व्यवस्थापन खर्च (सर्जिकल उपकरण, फर्निचर, औषधी, पारिश्रमिक स्वास्थ्य शिविर लगायतका व्यवस्थापन खर्च) शीर्षकमा विनियोजन भएको रकमबाट भुक्तानी हुने व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

१६. यस नगरपालिका अन्तर्गत गरिबसँग विषेश्वर कार्यक्रममा कार्यरत समाजिक परिचालकलाई कार्यकबाट मासिक रुपमा रु. १५०००।— मात्र तलव प्राप्त हुने तथा उक्त कर्मचारीलाई उक्त कार्यक्रमको अलवा नगरपालिकाको अन्य काम समेत लगाउनु पर्ने भएकोले स्थानिय तह चौथो तहको नेपाल सरकारबाट तोकिए बमोजिम सेवा सुविधा पाउने गरी उपरोक्त रकममा नपुग रकम नगरपालिकाबाट व्यवस्था गरी २०८१ श्रावण १ गते देखि लागु हुने गरी करार सम्झौता गरी काममा लगाउने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु दुधौली नगरपालिकाको नगरसभा संचालन कार्यविधि २०७[illegible] को दफा [illegible](२) मा भएको व्यवस्था बमोजिम सर्बसम्मतले पारित भएको घोषणा गर्दछु ।

**बागमती प्रदेश सरकारको गाउँ/नगर/जिल्ला सभा संचालन (कार्यविधि) ऐन, २०७५ को दफा २२ बमोजिम प्रमाणित ।**

....................................

**दिनेश अधिकारी (नगर प्रमुख)**

**अध्यक्ष**

अनुसुचि-५

दुधौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सिन्धुली
कार्यालयको कोड : ८०३२५४०२३००

## आय व्ययको बिबरण

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१-२०८१/०३/१०

**आय**

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
|---|---|---|---|---|
| **सघीय सरकार** | ६५,१०,२६,०००.०० | ६०,९४,१२,३१०.०० | ९३.६१ | ४,१६,१३,६९०.०० |
| १३३११ समानिकरण अनुदान | १५,७१,००,०००.०० | ११,६४,२६,८१०.०० | ७४.११ | ४,०६,७३,११०.०० |
| १३३१२ शसर्त अनुदान चालु | ४४,७९,२६,०००.०० | ४४,६९,८५,५००.०० | ९९.७९ | ९,४०,५००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ३,३०,००,०००.०० | ३,३०,००,०००.०० | १०० | ०.०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | ८०,००,०००.०० | ८०,००,०००.०० | १०० | ०.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ५०,००,०००.०० | ५०,००,०००.०० | १०० | ०.०० |
| **प्रदेश सरकार** | ८,५५,९७,०००.०० | ८,५५,९७,०००.०० | १०० | ०.०० |
| १३३११ समानिकरण अनुदान | १,६४,५५,०००.०० | १,६४,५५,०००.०० | १०० | ०.०० |
| १३३१२ शसर्त अनुदान चालु | २,४६,४२,०००.०० | २,४६,४२,०००.०० | १०० | ०.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ४५,००,०००.०० | ४५,००,०००.०० | १०० | ०.०० |
| १३३१४ विषेश अनुदान चालु | १,००,००,०००.०० | १,००,००,०००.०० | १०० | ०.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ३,००,००,०००.०० | ३,००,००,०००.०० | १०० | ०.०० |
| **राजस्व बाडफाड** | २७,८०,५९,२४१.०० | १९,७९,६९,८७०.९८ | ७१.२ | ८,००,८९,३७०.०२ |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | ३,००,००,०००.०० | १,६०,३४,४३२.४९ | ५३.४५ | १,३९,६५,५६७.५१ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १६,५०,४६,०००.०० | ८,२७,९३,१४७.१० | ५०.१६ | ८,२२,५२,८५२.९० |
| ११४२१ बाँडफाँड भ ंइ प्राप्त हुने अन्त:शुल्क | ०.०० | ३,९२,६२,५२५.०३ | ३९२६२५२५०३ | (३,९२,६२,५२५.०३) |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ५,८०,१३,२४१.०० | ४,५१,४८,००३.९५ | ७७.८१ | १,२८,६५,२३७.०५ |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | १,५०,०००.०० | ३,६०१.०० | २.४ | १,४६,४००.०० |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ०.०० | ७९,७६०.५२ | ७९७६०५२ | (७९,७६०.५२) |
| १४१५४ बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | ०.०० | १,०९,५४,५०८.१० | १०९५४५०८१० | (१,०९,५४,५०८.१०) |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | २,४८,५०,०००.०० | ३६,९३,०००.०० | १४.८६ | २,११,५७,०००.०० |
| १४१५८ बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | ०.०० | ८९३.७९ | ८९३७९ | (८९३.७९) |
| **अन्तरिक श्रोत** | ८,००,००,०००.०० | ५,२५,२८,०९४.४० | ६५.६६ | २,७४,७१,९०५.६० |
| ११३१३ सम्पती कर | १,००,००,०००.०० | १५,२६,५०५.५३ | १५.२७ | ८४,७३,४९४.४७ |
| ११३१४ भुमिकर/मालपोत | ५०,००,०००.०० | १७,०५,५२८.५० | ३४.११ | ३२,९४,४७१.५० |
| ११३१७ वहाल कर | २०,००,०००.०० | ७,९०,००६.५९ | ३९.५ | १२,०९,९९३.४१ |
| ११३१८ वहाल विटौरी कर | २०,००,०००.०० | ३,५१,९५०.०० | १७.६ | १६,४८,०५०.०० |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | ०.०० | ४,८००.०० | ४८०००० | (४,८००.००) |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ८,००,०००.०० | ५,३४,५१३.७५ | ६६.८१ | २,६५,४८६.२५ |
| ११६९१ अन्य कर | ०.०० | ४,६०१.०० | ४६०१०० | (४,६०१.००) |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ०.०० | १२,८४०.०० | १२८४००० | (१२,८४०.००) |
| १४१५९ अन्य स्रोतबाट प्राप्त रोयल्टी | ०.०० | ४९,०८८.०० | ४९०८८०० | (४९,०८८.००) |
| १४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ०.०० | ११,०००.०० | ११००००० | (११,०००.००) |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | १०,००,०००.०० | ३,१०,१८२.०० | ३१.०२ | ६,८९,८१८.०० |
| १४२१८ विद्युत सेवा शुल्क | ०.०० | ८००.०० | ८०००० | (८००.००) |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ८८,५३,७१६.२८ | ८,८४,६५४.४५ | ९.९९ | ७९,६९,०६१.८३ |
| १४२२१ न्यायिक दस्तूर | ०.०० | ५,४००.०० | ५४०००० | (५,४००.००) |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | ०.०० | ६००.०० | ६०००० | (६००.००) |
| १४२२४ परीक्षा शुल्क | ०.०० | ०.०० | ० | ०.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ०.०० | ४,५८,४००.०० | ४५८४०००० | (४,५८,४००.००) |
| १४२४१ पार्किङ्ग शुल्क | ६,००,०००.०० | १,००,०००.०० | १६.६७ | ५,००,०००.०० |
| १४२४२ नक्सापास दस्तुर | ५०,००,०००.०० | १०,७४,३५०.२३ | २१.४९ | ३९,२५,६४९.७७ |
| १४२४३ सिफारिश दस्तुर | ३०,००,०००.०० | २५,१२,११३.०० | ८३.७४ | ४,८७,८८७.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | १०,००,०००.०० | ६,३९,९००.०० | ६३.९९ | ३,६०,१००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ५,००,०००.०० | ३,३७,१७०.०० | ६७.४३ | १,६२,८३०.०० |
| १४२४९ अन्य दस्तुर | २५,००,०००.०० | २५,४०,७१५.५५ | १०१.६३ | (४०,७१५.५५) |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | १०,००,०००.०० | ८२,९००.०० | ८.२८ | ९,१७,१००.०० |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | ०.०० | १,४९६.६० | १४९६६० | (१,४९६.६०) |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ५,००,०००.०० | ४२,६३४.५० | ८.५२ | ४,५७,३६५.५० |
| १४३१३ धरौटी सदरस्याहा | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| १४५२१ प्रदुषण नियन्त्रण शुल्क | ०.०० | ४१,४२५.०० | ४१४२५०० | (४१,४२५.००) |
| १४५२९ अन्य राजस्व | १,००,०००.०० | ८,२२०.०० | ८.२२ | ९१,७८०.०० |
| १४६११ व्यवसाय कर | १,५०,००,०००.०० | १,६९,४५,०२१.९८ | ११२.९७ | (१९,४५,०२१.९८) |
| १५१११ बेरूजू | ५,००,०००.०० | १०,०४,९९४.०० | २०१ | (५,०४,९९४.००) |
| ३२१२२ बैंक मौज्दात | २,०५,४६,२८३.७२ | २,०५,४६,२८३.७२ | १०० | ०.०० |
| **जम्मा** | १,०९,४६,८२,२४१.०० | ९४,५५,०७,२७५.३८ | ८६.३७ | १४,९१,७४,९६५.६२ |

**व्यय**

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
|---|---|---|---|---|
| **चालु** | ७१,७९,८४,९५६.०० | ५८,७५,८५,८३२.७० | ८१.८४ | १३,०३,९९,१२३.३० |
| २१११९ पारिश्रमिक कर्मचारी | ७,२५,०२,७८०.०० | ७,००,३९,६६५.५४ | ९६.६ | २४,६३,११४.४६ |
| २११२१ पोशाक | २४,३०,०००.०० | २३,५४,२२०.०० | ९६.८८ | ७५,७८०.०० |
| २११२२ खाद्यान्न | १२,००,०००.०० | ५,००,०००.०० | ४१.६७ | ७,००,०००.०० |
| २११३२ महंगी भत्ता | २८,९०,०००.०० | २१,६०,५३३.०० | ७४.७६ | ७,२९,४६७.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | ९०,०००.०० | ४०,०००.०० | ४४.४४ | ५०,०००.०० |
| २११३९ अन्य भत्ता | २,५०,०००.०० | १,०६,८००.०० | ४२.७२ | १,४३,२००.०० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | १,२७,००,०००.०० | १,२५,४३,०००.०० | ९८.७६ | १,५७,०००.०० |
| २११४९ पदाधिकारी अन्य भत्ता | ७०,२८,५००.०० | ४१,४१,६६०.०० | ५८.९३ | २८,८६,८४०.०० |
| २१२१४ कर्मचारी कल्याण कोष | २०,००,०००.०० | २०,००,०००.०० | १०० | ०.०० |
| २२१११ पानी तथा बिजुली | ३१,४६,०००.०० | १४,८४,९३७.०० | ४७.२ | १६,६१,०६३.०० |
| २२११२ संचार महसुल | २३,३२,०००.०० | १०,६८,३७५.०० | ४५.८१ | १२,६३,६२५.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ७४,००,०००.०० | ५७,५७,३२१.०० | ७७.८ | १६,४२,६७९.०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | ८१,६३,०००.०० | ६०,३१,७८२.०० | ७३.८९ | २१,३१,२१८.०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ८,००,०००.०० | ८,००,०००.०० | १०० | ०.०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १६,३३,०००.०० | १४,१८,४७६.०० | ८६.८६ | २,१४,५२४.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ८५,०८,०००.०० | ६९,२७,५१९.९० | ८१.४२ | १५,८०,४८०.१० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ३३,७७,०००.०० | २७,५१,९२०.५० | ८१.४८ | ६,२५,०७९.५० |
| २२४१३ करार सेवा शुल्क | ५,९३,२६,०००.०० | ५,९१,०३,३७४.१७ | ९९.६२ | २,२२,६२५.८३ |
| २२४१९ अन्य सेवा शुल्क | ५,६८,०००.०० | ५,२४,२६८.०० | ९२.३ | ४३,७३२.०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ४७,३०,०००.०० | २,०४,९५०.०० | ४.३३ | ४५,२५,०५०.०० |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | १,३१,८८,०००.०० | ७२,१९,९३४.०० | ५४.७५ | ५९,६८,०६६.०० |
| २२५२२ कार्यक्रम खर्च | ७,७८,५४,६७६.०० | ४,१०,३९,६५२.०० | ५२.७१ | ३,६८,१५,०२४.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | ७५,३८,०००.०० | ५१,६९,६३५.०० | ६८.५८ | २३,६८,३६५.०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ४०,०००.०० | ४०,०००.०० | १०० | ०.०० |
| २२६१२ भ्रमण खर्च | ३७,२६,०००.०० | २१,९४,००१.०० | ५८.८८ | १५,३१,९९९.०० |
| २२६१९ अन्य भ्रमण खर्च | २४,७५,०००.०० | १३,५३,२००.०० | ५४.६७ | ११,२१,८००.०० |
| २२७११ विविध खर्च | ८,४४,०००.०० | ७,४३,०७२.०० | ८८.०४ | १,००,९२८.०० |
| २२७२१ सभा सञ्चालन खर्च | ४,००,०००.०० | ०.०० | ० | ४,००,०००.०० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | ४०,१३,६२,०००.०० | ३४,३२,९६,३१४.५९ | ८५.५३ | ५,८०,६५,६८५.४१ |
| २७१११ सामाजिक सुरक्षा | ९६,०००.०० | ०.०० | ० | ९६,०००.०० |
| २७२१३ औषधीखरिद खर्च | ५४,८७,०००.०० | ३५,७५,१४५.०० | ६५.१६ | १९,११,८५५.०० |
| २७२१९ अन्य सामाजिक सहायता | २८,००,०००.०० | २१,५०,८००.०० | ७६.८१ | ६,४९,२००.०० |
| २८१४२ घरभाडा | ९,००,०००.०० | ६,४७,५५२.०० | ७१.९५ | २,५२,४४८.०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | २,००,०००.०० | १,९७,७२५.०० | ९८.८६ | २,२७५.०० |
| **पूंजीगत** | ३७,६६,९७,२८५.०० | २३,४१,४८,७७८.०० | ६२.१६ | १४,२५,४८,५०७.०० |
| ३१११९ आवासीय भवन निर्माण/खरिद | ४१,००,०००.०० | ३६,१४,३२२.०० | ८८.१५ | ४,८५,६७८.०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ५,६१,७०,०००.०० | ३,६३,१२,७०९.०० | ६४.६५ | १,९८,५७,२९१.०० |
| ३१११४ जग्गा विकास कार्य | ४४,७०,०००.०० | १५,६४,६१७.०० | ३५ | २९,०५,३८३.०० |
| ३११२२ मेशिनरी तथा औजार | १,२७,२५,०००.०० | ६८,२९,५०९.०० | ५३.६७ | ५८,९५,४९१.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | १०,००,०००.०० | ७,९८,७२४.०० | ७९.८७ | २,०१,२७६.०० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | १०,००,०००.०० | ३,३९,२४५.०० | ३३.९२ | ६,६०,७५५.०० |
| ३११३५ पूँजीगत परामर्श खर्च | २५,५०,०००.०० | १८,८७,८८९.०० | ७४.०३ | ६,६२,१११.०० |
| ३११५१ सडक तथा पूल निर्माण | १३,८४,५५,०००.०० | ९,३१,९४,५१९.०० | ६७.३१ | ४,५२,६०,४८१.०० |
| ३११५३ विद्युत संरचना निर्माण | २८,२५,०००.०० | २३,२०,३९१.०० | ८०.१५ | ५,७४,६०९.०० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | १६,५०,०००.०० | ५,७८,२००.०० | ३५.०४ | १०,७१,८००.०० |
| ३११५५ सिंचाई संरचना निर्माण | २,०४,०५,०००.०० | १,१७,३७,४०१.०० | ५७.५२ | ८६,६७,५९९.०० |
| ३११५६ खानेपानी संरचना निर्माण | ४,३०,८६,२२०.०० | १,३७,९८,५९७.०० | ३२.०३ | २,९२,८७,६२३.०० |
| ३११५७ वन तथा वातावरण संरक्षण | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| ३११५८ सरसफाई संरचना निर्माण | १,५०,०००.०० | १,४६,९२८.०० | ९७.९५ | ३,०७२.०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ३,४०,९१,०६५.०० | १,९७,९२,६२९.०० | ५८.०६ | १,४२,९८,४३६.०० |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ५,२६,५०,०००.०० | ४,११,३३,६४८.०० | ७८.१३ | १,१५,१६,३५२.०० |
| ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | ११,००,०००.०० | ९९,४५०.०० | ९.०३ | १०,००,५५०.०० |
| **जम्मा** | १,०९,४६,८२,२४१.०० | ८२,१७,३४,६१०.७० | ७५.०६ | २७,२९,४७,६३०.३० |

दिनेश अधिकारी
नगर प्रमुख